# हाईटेन्सनलाइन पीडितलाई सफलता, मापदण्ड पूरा नगरेमा प्राधिकरणलाई बाँकी रकम उपलब्ध नहुने

*स्वतन्त्र शक्ति संवाददाता*

लमजुङ - २२० केभी मर्स्याङदी कोरिडोर विद्युतप्रसारण लाईन परियोजनाका प्रभावितहरुको गुनासो सुनुवाई भएको छ । सामाजिक तथा वातावरणीय नीति र मापदण्ड पूर्ण पालना नगरेमा यूरोपेली लगानी बैकले नेपाल विद्युत प्राधिकरणलाई बाँकी रकम उपलब्ध नगराउने भएको हो ।

यूरोपेली लगानी बैकले सामाजिक तथा वातावरणीय नीति पालना नगरेको भनि प्रभावित समुदायले सो बैंकको उजुरी सुन्ने निकायमा उजुरी गरेका थिए । सो उजुरी उपर छानविन अनुसन्धान हुदा नेपाल विद्युत प्राधिकरणले सामाजिक तथा वातावरणीय नीति/मापदण्ड पूर्ण पालना नगरेको कुरा निष्कर्ष निकाल्दै सो मापदण्ड पूरा गरेको खण्डमा मात्र बाँकी रकम उपलब्ध गराउनु भनि सो बैंकलाई सिफारिस गरेको छ। यूरोपेली लगानी बैंकको उजुरी सुन्ने निकायले २२० केभी मर्स्याङ्दी कोरिडोर विद्युत प्रसारण लाईन परियोजनाको सम्बन्धमा अनुसन्धान प्रतिवेदन २२ अप्रिल सार्वजनिक गरेको छ । अहिले सो बैंकको आर्थिक लगानीमा नेपाल विद्युत प्राधिकरणले लमजुङ र मनाङ जिल्लामा २२० केभी मर्स्याङदी कोरिडोर विद्युतप्रसारण लाईन निर्माण गरिरहेको छ । विद्युत प्रसारण लाईन परियोजनाबाट प्रभावित आदिवासी तथा स्थानीय समुदायहरुको संगठन एफपिआईसी तथा अधिकार मञ्चले चालु परियोजनाले समुदायको कानूनी अधिकार हनन् गरी बैंकको सामाजिक तथा वातावरण सम्बन्धी नीति उल्लंघन गरेको भन्दै २०१८ अक्टोवरमा बैंकको उजुरी सुन्ने निकाय उजुरी गरेका थिए । नेपालका आदिवासीहरु आफ्नो मौलिक अधिकारबाट बञ्चित भएको, विकास प्रक्रियामा आर्त्मनिर्णय, सहभागिता, परामर्श जस्ता आदिवासीका अधिकारहरुलाई नजरअन्दाज गरिएको र नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ को पक्ष राष्ट्र भएकोले महासन्धीलाई लागू गराउन प्रतिवेदन सहयोगी हुने अधिवक्ता शंकर लिम्बुले बताउनु भयो ।

यूरोपेली लगानी बैंकको करीव १०० करोड रुपैयाँको लगानीमा निर्माण भईरहेको मर्स्याङदी कोरिडर विद्युत प्रसारण लाईन परियोजनाको सन्दर्भमा अनुसन्धान प्रतिवेदन सार्वजनिक भएको हो । अनुसन्धान प्रतिवेदनमा युरोपेली लगानी बैंकले लगानी गरेको जलविद्युत परियोजनामा आदिवासीको स्वतन्त्र, अग्रीम, जानकारी सहितको मन्जुरीको अधिकार (Free Prior, Informed and Consent - FPIC)लाई लागू गर्न तत्काल अत्यावश्यक कदम चाल्नु पर्ने, निर्माणाधीन परियोजनामा आदिवासी जनजाति समुदाय (गुरुङ, तामाङ, घले, भुजेल, नेवार, मगर र चेपाङ) प्रभावित रहेको, अन्नपूर्ण संरक्षण क्षेत्र हुदै लगिने प्रसारणलाईनले आदिवासी तथा स्थानीय समुदायको भूमि, वनजंगल, श्रोत तथा जैविक विविधातामा नकरात्मक प्रभाव पार्ने जस्ता कुराहरु प्रतिवेदनमा रहेको छ। त्यस्तैगरी आदिवासीको स्वतन्त्र, अग्रीम, जानकारी सहितको मन्जुरीको अधिकार अनिवार्य लागू गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन नगरिएको, नकरात्मक प्रभावको बारेमा वेवास्था गरिएको, ऊर्जा क्षेत्रका प्रमुखदाता र विकास साझेदारहरू लगायत विज्ञहरुले समन्वयत्मक ढंगबाट आदिवासीको स्वतन्त्र, अग्रीम, जानकारी सहितको मन्जुरीको अधिकार कार्यान्वयन प्रक्रियामा काम गर्नुपर्ने, यूरोपेली लगानी बैंकको नीति, नियम र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको उल्लंघन गरेकोमा कडा निन्दा गरी प्रतिवेदन सार्वजनिक भएको हो । युरोपेली लगानी बैंकले लगानी उपलब्ध गराएता पनि नेपाल विद्युत प्राधिकरणले आवश्यक शर्त पुरा नगरेकोमा गम्भिर चासो व्यक्त गरेको, पूर्नवास, क्षतिपूर्ति, प्रभावको बारेमा समुदायलाई थोरै सूचना उपलब्ध गराईएको, प्रभावित समुदायलाई मुआव्जा तथा क्षतिपुर्ति लिनको लागि धम्क्याईएको, नेपालमा प्रसारण लाईन परियोजनाहरू प्रायः अपर्याप्त मुआव्जा तथा क्षतिपुर्ति, तारमुनिका जग्गा जमिनहरुको प्रयोग सवालहरुमा विवाद भईरहेको, यूरोपेली लगानी बैंकको नीति अनुसार पर्याप्त, मुआव्जा तथा क्षतिपुर्ति र शतप्रतिशत स्थानन्तरण मूल्य उपलब्ध गराउनु पर्ने, विद्युत प्राधिकरणले जम्मा जग्गाको मुल्यको १० प्रतिशत मात्र उपलब्ध गराउने गरेकोमा उत्तम अभ्यासको आधारमा अझ लचिलो, पारदर्शी, भूमि प्रयोग प्रतिवन्धबाट पर्नजाने वास्तविक प्रभाव आदिको आधारमा मूल्य निर्धारण गरिनु पर्ने, सार्वाजनिक परामर्शको प्रक्रिया त्रुटीपूर्ण रहको, अत्यन्तै थोरै जनताको सहभागिता, विशेषगरी महिलाहरुको सहभागिता कमी भएको, एक परियोजना स्थलमा जम्मा जनसंख्याको १ प्रतिशतभन्दा कम उपस्थितिमा परामर्श गरिएको लगायत सुझावहरु प्रतिवेदनमा उल्लेख गरिएको छ ।

केही पीडितहरुले नबुझिकनै मुआब्जा बुझिसकेका छन् भने केही पीडितहरुले चित्तबुझ्दो मुआब्जा नपाएको भन्दै लिएका छैनन् । 'मुआब्जा सन्तोषजनक पाएनौ, हामी विकास विरोधी पनि हैनौ । कृषि उत्पादन हुने खेतीयोग्य जमिनको मुआब्जा सन्तोषजन नभएको कारण हामीले अहिलेसम्म टावर पोल पनि निर्माण गर्न दिएका छैनौं' प्रसारण लाइन पीडित कृष्णराम हटुवालले बताउनु भयो । यूरोपेली लगानी बैकले सो परियोजनाले निश्चित सामाजिक तथा वातावरणीय नीति र मापदण्ड पुरा गरेको खण्डमा मात्र बाँकी रकम उपलब्ध गराउन सिफारिस समेत गरेको छ । एफपिआईसी तथा अधिकार मञ्चले दिएको उजुरीमा मध्यस्थताको माध्यमबाट प्रभावित समुदायको माग तथा चासोहरुलाई समाधान गरी परियोजना संचालन गर्न आग्रह गरिएको थियो । जुलाई २०१९ मा उजुरी सुन्ने निकायले मध्यस्थताको माध्यबाट समस्याको समाधन गर्न दुवै पक्षलाई आग्रह गरेको थियो । तर, सो आग्रहलाई नेपाल विद्युत प्राधिकरणले ठाडै अस्वीकार गरेको थियो ।

प्रभावित आदिवासी तथा स्थानीय समूदायहरुले यस परियोजनाको डिजाईन, यसबाट पर्ने नकरात्मक प्रभाव, प्रसारण लाईनको बाटो, मुआव्जा तथा क्षतिपुर्ति, समुदायले प्राप्त गर्ने लाभ, प्रभाव न्यूनीकरणका उपायहरु लगायतको बारेमा वर्षौ देखि चासो तथा मागहरु उठान गरिरहेको एफफिआईसी तथा अधिकार मञ्च लमजुङका सचिव चन्द्र मिश्रले जानकारी दिनुभयो । नेपाल विद्युत प्राधिकरणले मनाङ जिल्ला नासोङ गाउँपालिका घेलाङचोकबाट शुरु विद्यूत प्रसारणलाईको पहिलो सवस्टेसन घेलाङचोकमा निर्माण गरिरहेको छ। त्यस्तैगरी दोश्रो सवस्टेसन लमजुङको मर्स्याङ्दी गाउँपालिका टारीकुना, तेश्रो सवस्टेसन बेसीशहर नगरपालिकाको उदिपुर हुँदै तनहुँको मार्किचोक हुँदै चितवनको आँपटारीमा अन्तिम स्टेसन निर्माण भइरहेको छ । २२० केभी मर्स्याङ्दी कोरिडोर विद्युतप्रसारण लाईन विस्तार विषयमा मनाङ(खुदी २२० केभी प्रसारण लाइनको दुरी २५ किलोमिटर रहेको छ भने खुदी(उदिपुर( मार्किचोक भरतपुर २२० प्रसारण लाइन ११० किलोमिटर रहेको छ । नेपाल विद्युत प्रधिकरणले लमजुङमा १३२ केभी मध्यमर्स्याङ्दी प्रसारण लाईन निर्माण गरिसकेको छ । त्यतिबेला स्थानीयलाई प्रदान गर्नुपर्ने मुआब्जा र क्षतिपुर्ति सन्तोषजनक नभएको कारण २२० केभी विद्युत प्रसारण लाईन निर्माणमा स्थानीयले अवरोध गर्दै आएका छन् ।


## नयाँ भेरियन्टसहितको कोरोना भाइरस (कोभिड- १९) बारे सार्वजनिक हितका लागि महत्वपूर्ण सन्देश

**कोभिड १९ बाट बच्न निम्न कुराहरुमा विशेष ध्यान दिउँ**

- सरकारले गरेको निषेधाज्ञा पूर्णरुपमा पालना गरौं ।
- छिमेकीलाई आफ्नो घर पनि नबोलाउँ र छिमेकीको घर पनि नजाउँ ।
- अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कौं ।

**कोरोना संक्रमणका मुख्य लक्षणहरुः**

- ज्वरो आउने
- सुख्खा खोकी लाग्ने
- सास फेर्न गाह्रो हुने
- घाँटी दुख्ने
- जिउ दुख्ने

**कोरोना भाइरस (कोभिड-१९) बाट बच्ने उपायहरुः**

- नियमित रुपमा साबुनपानीले पटक-पटक कम्तीमा २० सेकेण्डसम्म हात धुने गरौं ।
- दैनिक उपभोग्य सामन लिन जानुपर्दा सामाजिक दुरी अर्थात १ मिटर दुरी कायम राखौं ।
- घरबाहिर निस्कादा मास्कको प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिउँ गर्दा सफा रुमाल वा कुहिनामा गरौं ।
- आफू वा परिवारका सदस्यलाई सामान्य रुघाखोकी वा ज्वरो आएमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसंग सम्पर्क गरौं ।
- सिकिस्त बिरामी भएमा नजिकैको स्वास्थ्य संस्थामा लैजाउँ ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवति महिला, मधुमेह, रक्तचाप जस्ता दीर्घरोगका बिरामले उच्च सतर्कता अपनाऔं

नोट : कोरोना भाइरस संक्रमणका लक्षणहरु देखिएमा वा शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

**बेसीशहर नगरपालिकाको कार्यालय**
बेसीशहर लमजुङ

सजक रहौं, संक्रमित हुनबाट बचौं र कोभिड १९ लाई पराजित गरौं।



**सेढाई फेन्सी**
बेसीशहर न.पा. ८, भिमसेनथान, लमजुङ
प्रो. बासुदेव सेढाई
फोन नं. 9846428877
यहाँ सुपथ मूल्यमा स्वदेशी तथा विदेशी गुणस्तरिय जेन्स फेन्सी सामानहरु पाइन्छ ।



विगत २० वर्षदेखि अनुभवी र दक्ष प्राविधिकद्वारा सञ्चालित
**सुजल ईलेक्ट्रिक सप्लायर्स**
बेसीशहर न.पा.-७ त्रिबेणीटोल लमजुङ
☑ विभिन्न प्रकारका बिद्युतीय सामान तथा उपकरणहरु उपलब्ध
☑ दक्ष मिस्त्रीद्वारा सिंगल फेज तथा थ्री फेज वाइरिङ सेवा ।
प्रोपाइटर
डिबि आले मगर
०६६-५२००४३, ९८४५०८१९७०



## उपभोक्ताहरूमा अनुरोध :

१. उपभोग्य वस्तु खरिद गर्नुअघि अनिवार्य रुपमा वस्तुको मूल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्ने गरौं ।
२. उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुन: लेबलिङ गरेको वस्तु वा सामान खरिद नगरौं ।
३. वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
४. अखाद्य, सडेगलेको वा म्याद नाघेका तथा अस्वभाविक रुपमा बढि मूल्य लिई वा कम तौलका वस्तु बिक्री गर्नु गैर कानूनी कार्य हो ।
५. उपभोग्य वस्तुमा त्यस्ता त्रुटीहरु भेटिएमा पैसा नलाग्ने नम्बर ११३७ मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिन्छ ।

'सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**
सञ्चारग्राम, काठमाडौं